आज मिति २०७९।०७।२३ गते बुधबारका दिन यस चौदण्डीगढी नगरपालिकाका नगर प्रमुख श्री कालुमान लामाज्यूको अध्यक्षतामा यस नरपालिकाको नगर कार्यपालिकाको आ.ब. २०७९/०८० को ८ औं बैठक तपसिलका पदाधिकारीहरु ज्यूहरुको उपस्थितिमा बसियो ।

तपसिल :-

| क्र.स. | नाम थर | पद | सम्पर्क मो. नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री कालुमान लामा | नगर प्रमुख | ९८५२८३५१६६ | |
| २ | श्री मणिका देवि दुलाल | नगर उपप्रमुख | ९८५२८३५५२८ | |
| ३ | श्री चित्र प्रसाद गुरागाँई | प्रमुख प्रशासकीय अधिकृत | ९८५२८४४०४७ | |
| ४ | श्री सिताराम राई | अध्यक्ष वडा नं. १ | ९८५१२०८३१३ | |
| ५ | श्री हरि बहादुर खड्का | अध्यक्ष वडा नं. २ | ९८४२९२७५४७ | |
| ६ | श्री पर्शुराम राई | अध्यक्ष वडा नं. ३ | ९८१४७३४८५५ | |
| ७ | श्री लुङ्गाराज राई | अध्यक्ष वडा नं. ४ | ९८१०५७९२२९ | |
| ८ | श्री तुलसिराम ढकाल | अध्यक्ष वडा नं. ५ | ९८४१५१८५८० | |
| ९ | श्री अम्बर बहादुर खड्का | अध्यक्ष वडा नं. ६ | ९८०६१५५८७७९ | |
| १० | श्री केशव अधिकारी | अध्यक्ष वडा नं. ७ | ९८६२८४४६६६ | |
| ११ | श्री भगनाथ कुमार मगर | अध्यक्ष वडा नं. ८ | ९८४०९२८६०७ | |
| १२ | श्री प्रकाश राउत | अध्यक्ष वडा नं. ९ | ९८५२८३५२०८ | |
| १३ | श्री धर्मेन्द्र कुमार खडका | अध्यक्ष वडा नं. १० | ९८१६७०७०५१<br>९८६३८२८०४९ | |
| १४ | श्री उदयराज भुजेल | नगर कार्यपालिका सदस्य | ९८४२८३१८९२ | |
| १५ | श्री जय कुमार राई | नगर कार्यपालिका सदस्य | ९८१५७१४७१५ | |
| १६ | श्री माधव सार्की | नगर कार्यपालिका सदस्य | ९८२६७००३२८ | |
| १७ | श्री तिलावती राई | नगर कार्यपालिका सदस्य | ९८४३४६६२७५ | |
| १८ | श्री सुस्मा राई | नगर कार्यपालिका सदस्य | ९८११७२५१७५ | |
| १९ | श्री स्मृति तोलाङ्गी सुयल | नगर कार्यपालिका सदस्य | ९८०७७५०१२३ | |
| २० | श्री जनकी देवी चौधरी | नगर कार्यपालिका सदस्य | ९८१५७००९०३ | |
| २१ | श्री शान्ति देवी चौधरी | नगर कार्यपालिका सदस्य | ९८१९९१००३८ | |

## प्रस्तावहरु :-

१. अघिल्ला कार्यपालिका बैठकका निर्णयहरुको समिक्षा सम्बन्धमा ।
२. मोटरसाइकल खरिदको विल रकम भुक्तानी गर्ने सम्बन्धमा ।
३. यस नगरपालिकाको संगठनात्मक ढाँचा संशोधन गर्ने सम्बन्धमा ।

## छलफल तथा निर्णयहरु :-

### निर्णय नं. १

प्रस्ताव नं. १ माथी छलफल गर्दा यस नगरपालिकाको नगर कार्यपालिकाको अघिल्ला बैठकबाट भएका निर्णयहरु सन्तोष जनक रुपमा कार्यान्वयन भएको पाईयो साथै नगर पालिकाको निर्णय बमोजिम कार्यान्वयनको क्रममा रहेका निर्णयहरुलाई प्रभावकारी ढंगबाट अपेक्षित उपलब्धी प्राप्त हुने गरी कार्यान्वयन गर्ने गराउने सर्वसम्मत निर्णय पारित गरियो ।

### निर्णय नं. २

प्रस्ताव नं. २ माथी छलफल गर्दा यस नगरपालिकाको प्राविधिक शाखाको लागि फिल्ड तथा योजना कार्यान्वयन प्रयोजनार्थ अत्यावश्यक भनि माग भए बमोजिम आकस्मिक रुपमा १ थान मोटरसाईकल खरिद गरिएकोमा चालु आ.ब.को स्वीकृत बजेट तथा कार्यक्रममा सवारी साधन खरिदको लागि बजेट विनियोजन नभएको हुँदा नगर सभाबाट पुँजीगत तर्फ अन्य कार्यक्रम खर्च शीर्षकमा विनियोजित रकम रु.५,००,०००।- बाट उक्त मोटरसाईकल खरिदको विल रकम रु.३,९९,९००।- मात्र आपूर्तिकर्ता श्री कालिका अटो लिंक प्रा.लि. गाईघाटलाई भुक्तानी गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

### निर्णय नं. ३

प्रस्ताव नं. ३ माथी छलफल गर्दा यस चौदण्डीगढी नगरपालिका नगर कार्यपालिकाको कार्यालय तथा मातहतका शाखा तथा कार्यालहरुबाट सम्पादन हुने कामकाजलाई थप व्यवस्थित र प्रभावकारी बनाउन विभिन्न विषयका विज्ञ कर्मचारीहरुको साथै प्राविधिक लगाएतका कर्मचारीहरुको थपघट गर्न आवश्यक देखिएकोले यस नगरपालिकाको १२ औं नगर सभाबाट स्वीकृत संगठनात्मक ढाँचा संशोधन गरी संशोधित ढाँचा स्वीकृतिको लागि आगामी नगर सभामा पेश गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।